प्रमाणीकरण मितिः २०७८/०१/१०

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ | संख्याः ८ | अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

**भीमफेदी गाउँपालिका**

**स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०८३ सालको कार्यविधि-८**

### "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको रोकथामनियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७८"

**प्रस्तावना':** कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धि कार्यमा संलग्न जनशक्तिलाइ भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८/०१/१० को निर्णय अनुसार जोखित भत्ता उपलब्ध गराउन बाञ्छनीय भएकोले यो आदेश जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कोरोना भाइरस (कीभिड-१९। को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७८ रहेको छ । (२) यो आदेश तत्कालै लागु हुनछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) उपचार भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्झनु पर्दछ ।

(ख) "कोमिड-१९" भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाइ हुने रोग सम्झनु पर्दछ ।

(ग) "प्रयोगशाला भन्नाले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा कोभिड-१९ को परिक्षण गर्न योग्य प्रयोगशाला सम्झनु पर्दछ ।

(घ) "जोखिम भता" भन्नाले 'कोभिड-१९ को संक्रमणको उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्तिलाइ यस कार्यविधि अनुरूप प्रदान गरिने भत्ता सम्झनु पर्दछ ।

(ङ) "जनशक्ति भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्दछ ।

३. **"जनशक्ति" भन्नाले :**

- चिकित्सक
- नर्स
- पारामेडिक्स
- प्रयोगशालाकर्मी
- एम्बुलेन्स चालक
- सरसफाइकर्मी
- कार्यालय सहयोगी
- गाउँ कार्यपालिकाको प्र.प्र.अ.
- लेखा/जिन्सी शाखाका कर्मचारी
- कोभिड-१९ फोकल पर्सन (स्वास्थ्य संयोजक)
- आवश्यक्ता अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट खटाईएको जनशक्ती ।

४. **जोखिम भत्ता प्राप्त गर्न सक्ने जनशक्ति र जोखिम भत्ताको प्रतिशतः** कोभिड-१९ को संक्रमितहरुको उपचारमा संलग्न देहाय बमोजिमका काममा खटिएका जनशक्तिले सम्बन्धित जनशक्तिको आधारभूत तलबको तपसिल बमोजिम तोकिएको प्रतिशतमा जोखिम भत्ता प्राप्त गर्न सक्नेछ ।

(क) कोभिड-१९ को पालिका फोकल पर्सन ७५%

(ख) कन्ट्याक्ट ट्रेसिङमा परेकाहरुको स्वाव कलेक्सनमा संलग्न जनशक्ति (प्रयोगशालाकर्मी समेत) ७५%

(ग) आइसोलेसन सेन्टरमा खटिएका जनशक्ति ७५%

(घ) कोभिड-१९ अस्पतालमा खटिएका जनशक्ति ७५%

(ङ) कोभिड-१९ संक्रमितहरुको यातायतकार्यमा संलग्न एम्बुलेन्स चालक रु. ५००। (अक्षरेपी रु. पाँच सय मात्र) प्रतिदिन दैनिक हाजिरीको आधारमा ।

(च) स्वास्थ्य संस्थामा कार्यरत अन्य सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरु २०%

(छ) प्र.प्र.अ./लेखा/जिन्सी शाखा तथा आवश्यक्ताको आधारमा तोकिएका कर्मचारीहरु ५०%

प्रमाणीकरण मितिः २०७८/०१/१०

**५. विवरण तथा संलग्न गर्नु पर्ने कागजात :**

(क) गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी, आईसोलेसन सेन्टरमा खटिएका कर्मचारी तथा प्रयोगशालाकर्मी कोभिड-१९ अस्पतालमा खटिएका कर्मचारीको हकमा दफा ४ को कार्य गर्नको लागि खटाइएको कार्यदिश।

(ख) आइसोलेसन सेन्टरको हकमा आइसोलेसन सेन्टरमा रहेका व्यक्तिहरुको प्रमाणित विवरण ।

(ग) प्रयोगशालाकर्मीको हकमा नमुना संकलन गरेकाहरुको प्रमाणित विवरण ।

(घ) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मबारीको हकमा सम्बन्धित स्वास्थ्य संस्थाको सिफरिस पत्र ।

**६. जोखिम भत्ताको अवधिः** जोखिम भत्ताको अवधि 'देहाय बमोजिम हुनेछ ।

आ.व. २०७७/७८ को कोभिड १९ को जोखिम रहेको अघिल्लो चार महिना २ (०७७ साल श्रावण, भाद्र, आस्थिन र कार्तिक) तथा पछिल्लो तीन महिना २०७८ साल वैशाख, जेष्ठ र अपांढ) गरी जम्मा ७ महिनाको मात्र उपलब्ध गराईनेछ ।

**७. स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा कर्मचारीको भूमिका :**

- नियमित रुपमा स्वास्थ्य संस्थामा उपस्थित भई स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने ।

**८. एम्बुलेन्स चालकको भूमिकाः**

- कोभिड -१९ संकास्पद व्यक्ति तथा संक्रमित वीरामीहरुलाई तोकिएको स्थल सम्म ओसार पसार गर्ने ।

**९. भान्छा व्यवस्थापकको भूमिकाः**

- आईसोलेसन सेन्टरमा रहने स्वास्थ्यकर्मी, कर्मचारी, संक्रमित व्यक्ति तथा बीरामी कुरुवाहरुलाई खाना/खाजाको व्यवस्थापन गर्ने ।

**१०. स्वास्थ्य संयोजकको भूमिकाः**

- गाउँपालिकाको नियमित तोकिएको कार्य गर्ने ।
- आईसोलेसन सेन्टर व्यवस्थापन गर्ने ।
- समुदायमा कोभिड-१९ संक्रमण न्यूनिकरणको लागि सचेतना जगाउने ।
- कन्ट्याक्ट ट्रेसिङको लागि संयोजन गरी कन्ट्याक्ट ट्रेसिडमा परेका व्यक्तिहरुको परिक्षणको लागि भूमिका निर्वाह गर्ने।
- आईसोलेसन सेन्टरमा रहेका स्वास्थ्यकर्मी, संक्रमित व्यक्ति तथा अन्य कर्मचारीहरुको लागि आवश्यक विभिन्न सामाग्रीहरुको व्यवस्थापन गर्ने ।
- अन्य निकाय तथा मातहतका निकायहरु संग सहकार्य तथा समन्वय गर्ने ।
- कोभिड -१९ सँग सम्बन्धित दैनिक अभिलेख तथा प्रतिवेदन गर्ने ।
- कोभिड -१९ सँग सम्बन्धित अनलाईन अभिलेख तथा प्रतिवेदन गर्ने ।

- कोभिड-१९ विरुद्धको खोप कार्यक्रम संचालनको लागि संयोजन गर्ने ।
- आवश्यक औषधी तथा अन्य सुरक्षाका सामाग्रीहरुको एकिन गरी सिफारिस गर्ने तथा उपलब्ध गराउने ।

**११. लेखा शाखाको भूमिका :**

- कोभिड -१९ सँग सम्बन्धित खर्च र आम्दानीको विवरण तयार गर्ने ।
- कोषको उचित व्यवस्थापन गर्ने ।

**१२. जिन्सी शाखाको भूमिका :**

- औषधी अक्सिजन लगायत अन्य स्वास्थ्य सामाग्रीहरुको उचित व्यवस्थापन गर्ने ।

- अभिलेख राख्ने तथा नियमित आपूर्ति गर्ने ।

**१३.प्र.प्र.न. को भूमिकाः**

- गाउँ कार्यपालिकाको कोभिड १९ सँग सम्बन्धित समग्र कार्यक्रमहरुको समन्बय तथा सहजिकरण गरी कर्मचारी परिचालन गर्ने/गराउने ।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रण सचेतना कार्यक्रममा सहजिकरण गर्ने ।
- कन्टयाक्ट ट्रेसिङ कार्यमा सहजिकरण गर्ने ।
- आईसोलेसन सेन्टर तथा स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा व्यवस्थापन गर्ने ।
- स्वास्थ्य संयोजक तथा स्वास्थ्यकर्मीहरुको नियमित निगरानी, परिचालन तथा समन्वय गर्ने ।
- समन्वयकारी भूमिका निर्वाह गर्ने ।

१४. जोखिम भत्ता वापतकोरकम भीमफेदी गा.पा. बालु खर्च शिर्षक नं २१११११ "तलब बाट कोभिड-१९ कोष (स्थानीय तह प्रकोप व्यवस्थापन) तर्फ कोरोना रोकथाम नियन्त्रण र उपचार बजेट उपशिर्षकमा विनीयोजीत रकम रु. २५,००,०००। (अक्षरेपी रु. पच्चिस लाख मात्र) कोभिड १९ कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोष प्रकोप व्यवस्थापन कोष खातामा जम्मा पारी सो कोषबाट उपलब्ध गराईनेछ ।

**इति सम्वत २०७८ साल वैशाख महिना १० गते ।**

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत